सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री दीपककुमार कार्की
माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल
फैसला
मुद्दा नं. : ०७५-RC-००२२
मुद्दा : कर्तव्य ज्यान।

सर्वोच्च अदालतबाट प्रतिलिपि

विरबहादुर न्यौपानेकी जाहेरीले नेपाल सरकार-----------------------------------------१ पुनरावेदक वादी

विरुद्ध

सिन्धुपाल्चोक जिल्ला, धुस्कुन गा.वि.स. वडा नं.१ बस्ने तारा बहादुर न्यौपानेको छोरा सूर्य बहादुर भन्ने रामकृष्ण न्यौपाने ----------------------------------------१ प्रत्यर्थी प्रतिवादी

शुरु फैसला गर्ने : माननीय जिल्ला न्यायाधीश श्री अनन्तराज डुम्रे
सिन्धुपाल्चोक जिल्ला अदालत
२०६९।०३।२६

पुनरावेदन तहमा फैसला गर्ने : माननीय न्यायाधीश श्री अब्दुल अजीज मुसलमान
माननीय न्यायाधीश श्री विनोदमोहन आचार्य
उच्च अदालत पाटन
२०७४।०८।०४

न्याय प्रशासन ऐन, २०७३ को दफा १० बमोजिम यस अदालतमा साधक जाँचको लागि दर्ता हुन आएको प्रस्तुत मुद्दाको तथ्य एवंम ठहर यस प्रकार छः

१. सिन्धुपाल्चोक जिल्ला, धुस्कुन गा.वि.स. वडा नं.१ बस्ने बर्ष ४ की मेरो छोरी लक्ष्मी न्यौपानेलाई मिति २०६७।३।२८ गते बेलुकी ०६:०० बजेको समयमा सिन्धुपाल्चोक जिल्ला, धुस्कुन गा.वि.स. वडा नं.१ बस्ने तारा बहादुर न्यौपानेको छोरा अं. २४/२५ बर्ष को सूर्य बहादुर न्यौपानेले हामी खेतमा रोपाइमा गएको अवस्थामा मेरो छोरी घर आँगनमा खेलिरहेको अवस्थामा ललाई फकाई मकै बारी भित्र लगी उत्तानो पारी

जबरजस्ती मुखमा अप्राकृतिक मैथुन गरेको विषयमा अपराधी प्रहरीद्वारा पक्राउ भई हाल पूर्पक्षको लागि थुनामा रहेका छन् । सोही अप्राकृतिक जबरजस्ती करणी गरेबाट मेरो छोरी टोलाउने, डराउने, ज्वरो आउने हुँदाहुँदै मृत्यु भएको हुँदा निज अपराधी उपर आवश्यक कारबाही गरी पाउँ भनी लक्ष्मी न्यौपानेको बाबु विर बहादुर न्यौपानेको मिति २०६७/५/१९ को जाहेरी दरखास्त ।

२. सिन्धुपाल्चोक जिल्ला, धुस्कुन गा.वि.स. वडा नं.१ बस्ने बर्ष ४ की लक्ष्मी न्यौपाने आफ्नै घरमा रहँदाको अवस्थामा निज पहिला देखि नै सिकिस्त बिरामी रहेकाले औषधी उपचार गर्दा गर्दै सुतिरहेको अवस्थामा मृत्यु भएको भन्ने मिति २०६७/५/१९ को घटनास्थल लाश जाँच प्रकृति मुचुल्का ।

३. मृतक बर्ष ४ की नाबालिका लक्ष्मी न्यौपानेको मृत्यु Pleural effusion, most probably parapneumonic effusion बाट भएको हो भन्ने वेहोराको मिति २०६७/५/१९ को पोष्टमार्टम रिपोर्ट।

४. मिति २०६७/३/२८ गते दिनभर रोपाई गरी बेलुका पख रोपाई मेला सकी म रोपाईको गोरु जोत्ने हली लिएर आफ्नो घरतर्फ आउँदा जाहेरवाला काका विर बहादुर न्यौपानेको छोरी बर्ष ४/५ को लक्ष्मी न्यौपाने घर आँगन बाटोमा खेलेर बसेको रहेछ । मैले रोपाई मेला सकिएपछि खाजा नास्ता खाँदा नशालु पदार्थ छ्याङ खाई नशाको सुरमा हल्लिएर आउँदा बालिका लक्ष्मी न्यौपानेलाई माथि पसलमा जाउँ चकलेट किनिदिन्छु भने पश्चात सँगै लिएर आउँदा नशाको सुरमा निज बालिका लक्ष्मी न्यौपानेलाई अगाडि मकै बारीमा लगी मेरो लिङ्ग हातले खेलाउन लगाए त्यसपश्चात म झन उत्तेजनात्मक भए, सो अवस्थामा मैले मेरो लिङ्ग मुखले खेलाउन लगाए, सो मुखले खेलाई रहेको अवस्थामा मेरो छिमेकी काका मधुकर न्यौपानेको श्रीमती दिलकुमारी न्यौपानेले देखिन र कराउन थालिन् र म त्यहाँबाट भागें, २/३ दिनपछि प्रहरीले मलाई पक्राउ गरी अप्राकृतिक जबरजस्ती करणी मैथुन मुद्दामा मुद्दा चलाई हाल म पुर्पक्षको लागि चौतारा कारागारमा छु। निज बालिका बहिनी लक्ष्मी न्यौपाने मिति २०६७।५। १८ गते आफ्नो घरमा मरिन् भन्ने कुराहरु मैले जेलमा सुनेको हुँ। मैले अप्राकृतिक जबरजस्ती करणी गरेको कारण डर, त्रास, ज्वरो आउने भई सोही कारणबाट वा के कुन कारणबाट ४५/४६ दिन भित्रमा मृत्यु भएछ, भर्खरको नाबालिका बहिनी माथी मैले सो अप्राकृतिक जबरजस्ती करणी गरेको कारणबाट नै मृत्यु भएको भए सोको सजाय भोग्न म तयार छु भनी प्रतिवादी सूर्य भन्ने रामकृष्ण न्यौपानेले मिति २०६७/९/१८ मा गरेको साबिती बयान कागज ।

५. मिति २०६७।३।२८ गते बेलुका १८:०० बजेको समयमा मेरो घर मुनी कोदो बारीमा बालिका रोएको आवाज आयो, त्यसपछि बालिका रोएको आवाज किन आयो भनी हेर्दा सूर्य बहादुर भन्ने रामकृष्ण न्यौपानेले मेरो छिमेकी दाई विर बहादुर न्यौपानेको बर्ष ४ की नाबालिका छोरी लक्ष्मी न्यौपानेलाई मुखमा अप्राकृतिक मैथुन जबरजस्ती करणी गरेकोले ओठबाट रगत बगेको र रोई रहेको अवस्थामा देखे। त्यसपछि मैले गाली गरी कराएपछि अभियुक्त रामकृष्ण न्यौपाने त्यहाँबाट भागे पश्चात गाउँका दाजुभाईले बालिकालाई उपचार गर्न भनी बाहविसे लिएर गए, अभियुक्तलाई प्रहरीद्वारा खोज तलास गरी अप्राकृतिक मैथुन मुद्दामा मुद्दा चलाई हाल चौतारा जेलमा परेको छन् भन्ने सुनेको छु। निज अभियुक्त रामकृष्ण न्यौपानेले नाबालिकालाई उपर अप्राकृतिक मैथुन गरेको कारणले डराउने, टोलाउने, ज्वरो आउने भइरहेको अवस्थामा ४५/४६ दिनपछि बालिका आफ्नै घरमा सुतिरहेको अवस्थामा मृत्यु भयो। निज अभियुक्तको कारणबाट नै नाबालिकाको मृत्यु भएको हुंदा निज अभियुक्त सूर्य भन्ने रामकृष्ण न्यौपाने उपर सर्वश्वसहित जन्मकैदको सजाय होस् भनी दिलकुमारी न्यौपाने, पातली नेपाल, थरि तिमल्सिना, शम्भुराज न्यौपानेसमेतका व्यक्तिहरुले एकै मिलानमा मिति २०६७/९/२२ मा गरिदिएको वस्तुस्थिती कागज ।

६. लक्ष्मी न्यौपानेलाई अप्राकृतिक मैथुन गरेको कारण रोगी भई निको नभएकाले ४५।४६ दिन भित्र मृत्यु भएको भन्ने जाहेरी दरखास्त, घटनास्थल मुचुल्का, लाश प्रकृति मुचुल्का तथा शव परिक्षण प्रतिवेदन समेतबाट खुलेको देखिन्छ। प्रतिवादीले नाबालिकालाई अप्राकृतिक मैथुनको गरेको कुरामा साबिती रही अदालतमा बयान गरी मौकाको बयानलाई पुष्टी हुने गरी साबिती रहेको अवस्था र शव परिक्षण प्रतिवेदनले उक्त जबरजस्ती अप्राकृतिक मैथुनको कारणले इन्फेक्शन भई रोग लागि निको नभएको र बुझिएका मानिस समेतको कागजातबाट प्रतिवादीको कारणबाटै पीडित नाबालिकाको मृत्यु भएको भनी स्पष्ट खुलाई लेखाएको समेत आधार प्रमाणबाट प्रतिवादीले मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १ नं. विपरित १३(३) नं.को कसूर अपराध गरेको स-प्रमाण पुष्टी हुन आएको हुँदा निज प्रतिवादीलाई सोही ऐन, महलको १३(३) नं. अनुसार सजाय गरी पाउँ भन्ने वेहोराको मिति २०६७/११/५ को अभियोग पत्र ।

७. मैले निज बालिकालाई जबरजस्ती गरेको छैन। मिति साल बिर्से. घटना घटेको समयमा म काठमाडौं बालाजुमा रङ्ग लगाउने कार्य गर्ने भएको हुँदा उता तिरै थिएँ । मेरो बुबासँग निज विर बहादुरको झगडा भएको हुनाले निजले म उपर रिसइवीले झुट्टा उजुरी दिएको हो, अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान वेहोरा मेरो होइन, मैले केही बोलेकै थिएन। लेखिएको कागजमा सहीछाप गर भनी जबरजस्ती सहीछाप गराएको हो भन्ने

समेत वेहोराको प्रतिवादी सूर्य भन्ने रामकृष्ण न्यौपानेले मिति २०६८/६/२९ मा शुरु अदालतमा गरेको बयान ।

८. प्रतिवादीले पीडित ४ वर्षकी बालिकालाई अप्राकृतिक जबरजस्ती करणी गरेको कुरामा स्वीकार गरी बयान गरेको अवस्था देखिँदा मुलुकी ऐन, अ.बं. ११८(२) बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नुपर्ने देखियो। तर यी प्रतिवादी सूर्य भन्ने रामकृष्ण न्यौपानेले अप्राकृतिक जबरजस्ती करणी मुद्दाको कारबाहीको क्रममा मिति २०६७/४/२४ को आदेशले कारागार कार्यालय, सिन्धुपाल्चोकमा थुनामा रहेकोले यस मुद्दामा छुट्टै थुनछेक आदेश गरिरहन परेन भनी सिन्धुपालचोक जिल्ला अदालतबाट मिति २०६८/६/२९ मा भएको आदेश ।

९. मैले गरेको वस्तुस्थिति मुचुल्का कागज सही हो, सूर्य बहादुरले गरेको बयान झुटा हो, उसले बच्चालाई केही नगरेको भए बच्चा मर्ने थिएन, अन्य कारणले बच्चाको मृत्यु भएको होइन, उसले गरेको जबरजस्ती करणीको कारण बच्चा टोलाउने, नबोल्ने, ज्वरो आउने भई बालिकाको मृत्यु भएको हो भन्ने समेत वेहोराको वस्तुस्थिति मुचुल्काका मानिसहरु पातली नेपाल, थरी तिमल्सिनाले मिति २०६८/८/२० मा शुरु अदालतमा गरेको बकपत्र ।

१०. मिति २०६७/५/१९ को घटनास्थल मुचुल्का र २०६७/९/२२ को वस्तुस्थिति मुचल्कामा भएको वेहोरा र सहीछाप मेरो हो। लक्ष्मी न्यौपानेलाई रामकृष्ण न्यौपानेले गरेको अप्राकृतिक मैथुनको कारणले निजलाई ज्वरो आएको र टाइफाइड भएको कारणबाट निजको मृत्यु भएको हुन सक्छ भन्ने समेत वेहोराको घटनास्थल र वस्तुस्थिति मुचुल्काका मानिस शम्भुराम न्यौपानेले मिति २०६८/८/२० मा शुरु अदालतमा गरेको बकपत्र ।

११. मिति २०६७।३।२८ गते म आफ्नै बारीमा घाँस काटी घरमा आउँदा लक्ष्मी न्यौपाने रोई कराई गरेको सुनी त्यहाँ पुग्दा मैले निज रामकृष्णलाई लक्ष्मी न्यौपानेको मुखमा लिङ्ग हाली जबरजस्ती करणी गरिरहेको देखि निजलाई फटाहा के गरेको यस्तो भनी गाली गर्दा निज भागी गएको र मैले बालिकालाई बाबुआमाको जिम्मा लगाएको हो। सो दिनदेखि नै बच्चा खाना नखाने, रुने, टोलाउने, घाँटी दुख्यी रोगी भएको अवस्थामा ४५/४६ दिनपछि बालिका लक्ष्मी न्यौपाने आफ्नै घरमा सुतिरहेको अवस्थामा मृत्यु भएको हो भन्ने समेत वेहोराको वस्तुस्थिति मुचुल्काका मानिस दिलकुमारी न्यौपानेले मिति २०६८/८/२० मा शुरु अदालतमा गरेको बकपत्र ।

१२. जाहेरी दरखास्तमा लेखिएको वेहोरा साँचो हो र सहीछाप मेरो हो। प्रतिवादी रामकृष्णले गरेको अप्राकृतिक करणी पश्चात मेरो छोरी खाना नखाने, विरामी हुने, टोलाउने, औषधी उपचार गर्दा पनि निको नहुने भई मिति २०६७/५/१८ मा मृत्यु भएको हुँदा निज अपराधीलाई कारबाही गरी पाउँ भनी जिल्ला प्रहरी कार्यालयमा जाहेरी दरखास्त दिएको हुँ। उक्त घटना बुहारी दिलकुमारीले प्रत्यक्ष देखेको र सोही आधारमा मैले प्रतिवादी रामकृष्ण उपर जाहेरी दिएको हो । तसर्थ मेरो जाहेरी सही हो भन्ने समेत वेहोराको जाहेरवाला विर बहादुर न्यौपानेले मिति २०६८/८/२१ मा शुरु अदालतमा गरेको बकपत्र ।

१३. मिति २०६७/३/२८ को घटना भन्दा पहिले बालिका खेल्ने, स्कुल जाने गर्दथिन, उक्त घटना पश्चात बालिका लक्ष्मी न्यौपाने विरामी हुने, टोलाउने, नबोल्ने भई उपचार गर्दा पनि निको नभई पछि भदौ १८ गते मृत्यु भएको हो भन्ने समेत वेहोराको घटनास्थल मुचुल्काका मानिस इन्द्रलाल न्यौपानेले मिति २०६८/८/२१ मा शुरु अदालतमा गरेको बकपत्र ।

१४. मिति २०६७/५/१९ गते मृतक लक्ष्मी न्यौपानेको शव परीक्षण मैले गरेको हुँ, निजको शरीर भित्र बाहिर कुनै चोटपटक थिएन, फोक्सोमा पानी जमेको थियो, जुन पानी निमोनियाको कारणले गर्दा जमेको हो, सोही कारणले निजको मृत्यु हुन गयो। मुख मैथुनको कारणले निमोनिया प्रत्यक्ष रुपमा हुने सम्भावना हुँदैन तर उक्त घटनाले मानसिक तनाव, डिप्रेशन हुन गई शरीरको रोग प्रतिरोधात्मक क्षमता घटन जान्छ। यस्तो अवस्थामा रोगको संक्रमण हुने सम्भावना बढी हुन्छ र निमोनिया लगायतका कुनैपनि रोगले आक्रमण गर्न सक्छ भन्ने समेत वेहोराको शव परीक्षण गर्ने डा.प्रमोद बरालले मिति २०६९/३/१० मा शुरु अदालतमा गरेको बकपत्र ।

१५. वादी दावी बमोजिम प्रतिवादीले आरोपित कसुर गरेको देखिंदा ज्यान सम्वन्धी महलको १३(३) नं. अनुसार सर्वस्व सहित जन्मकैद सजाय हुन्छ भनी शुरु सिन्धुपाल्चोक जिल्ला अदालतबाट मिति २०६९/३/२६ मा भएको फैसला ।

१६. यसमा सिन्धुपाल्चोक जिल्ला अदालतको मिति २०७४/६/२६ को च.नं. ८५७ को पत्रसाथ साधक जाहेरीको लागि प्राप्त हुन आएको मुद्दा सम्बन्धित दायरीमा दर्ता गरी निमयानुसार गर्नू भन्ने वेहोराको मिति २०७४।७।८ गते उच्च अदालत पाटनबाट भएको आदेश ।

१७. प्रतिवादी सूर्यबहादुर भन्ने रामकृष्ण न्यौपानेलाई मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याई शुरु सिन्धुपाल्चोक जिल्ला अदालतबाट मिति २०६९/३/२६ मा भएको फैसला मिलेको देखिँदा साधक सदर गर्ने गरी उच्च अदालत पाटनबाट मिति २०७४।०८।०४ मा भएको फैसला।

१८. यसमा उच्च अदालत पाटनको च.नं.२४ मिति २०७५/०४/०७ को पत्रसाथ साधक जाँचको लागि प्राप्त हुन आएको मुद्दा साधक दायरीमा दर्ता गरी नियमानुसार इजलास समक्ष पेश गर्न मुद्दा शाखामा बुझाई दिनु भन्ने समेत वेहोराको मिति २०७५।४।२१ गते सर्वोच्च अदालतबाट भएको आदेश ।

१९. यसमा प्रस्तुत वारदात मिति २०६७।३।२८ मा पीडित बालिकालाई प्रतिवादीले मुख मैथुन गरेको भन्ने देखिएको छ। मृतक बालिकाको मृत्यु निमोनियाको कारणबाट भएको भन्ने लाश जाँच प्रतिवेदनबाट देखिएको र मिति २०६७। ३।२८ मा भएको अप्राकृतिक मैथुन कै कारणबाट मिति २०६७।५।१८ मा बालिकाको मृत्यु भएको भन्ने स्पष्ट प्रमाणको अभावमा प्रतिवादीलाई शुरूले सर्वस्व सहित जन्म कैद गर्ने गरेको फैसला सदर गरेको उच्च अदालत पाटनको फैसला फरक पर्न सक्ने देखिएकोले मुलुकी ऐन,अदालती बन्दोवस्तको।२०२ नं. तथा मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ दफा १४०(३) बमोजिम छलफलको लागी महान्यायाधिवक्ताको कार्यालयलाई सूचना दिई प्रतिवादीलाई प्रस्तुत आदेशको जानकारी गराई निजका तर्फबाट वैतनिक वकिललाई सूचना दिई पेश गर्नू भन्ने यस अदालतबाट मिति २०७५।०५।०५ मा भएको आदेश।

२०. नियम बमोजिम पेशी सूचीमा चढी साधक जाँचको लागि पेश हुन आएको प्रस्तुत मुद्दामा प्रतिवादी सूर्यबहादुर भन्ने रामकृष्ण न्यौपानेको तर्फबाट उपस्थित विद्वान वैतनिक अधिवक्ताद्वय श्री ईन्दिरा सिलवाल र श्री रजिता थापाले पोष्टमार्टम गर्ने डाक्टर प्रमोद बरालको अदालतसमक्ष भएको बकपत्रमा मुख मैथुनको कारणले निमोनिया प्रत्यक्ष रुपमा हुने संम्भावना हुँदैन र अप्राकृतिक मैथुनले मानिस मर्दैन भनि बकपत्र गर्नु भएको स्थितिमा अप्राकृतिक मैथुनबाट नै बालिकाको मृत्यु भएको भन्न मिल्दैन। लाशजाँच प्रतिवेदनबाट अप्राकृतिक मैथुन कै कारणबाट बालिकाको मृत्यु भएको भन्ने नदेखिएको अवस्थामा सिन्धुपाल्चोक जिल्ला अदालतले सर्वस्व सहित जन्म कैद गर्ने गरेको फैसला सदर गरेको उच्च अदालत पाटनको फैसला मिलेको छैन भनी बहस गर्नुभयो।

२१. नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान उप-न्यायाधिवक्ता श्री चन्द्रकुमार मैनालीले प्रतिवादी सूर्यबहादुर भन्ने रामकृष्ण न्यौपानेले नाबालिकाको मृत्यु आफ्नो कारणबाट नभई अरु कारणबाट भएको भनी पुष्टी गर्न नसकेको अवस्थामा निजको कसुरको कारणबाट नै

मृत्यु भएको हो भन्ने देखिन आउँछ। अत सुरु जिल्ला अदालत र उच्च अदालत पाटनले गरेको फैसला मिलेकै देखिँदा सदर हुनुपर्छ भनि बहस जिकिर प्रस्तुत गर्नुभयो।

२२. लक्ष्मी न्यौपानेलाई अप्राकृतिक मैथुन गरेको कारण रोगी भई निको नभएकाले ४५।४६ दिन भित्र मृत्यु भएकोले प्रतिवादीले मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १ नं. विपरित १३(३) नं.को कसूर अपराध गरेको हुँदा निज प्रतिवादीलाई सोही ऐन, महलको १३(३) नं. अनुसार सजाय गरी पाउँ भनी अभियोग पत्र दायर भएको प्रस्तुत मुद्दामा सुरु सिन्धुपाल्चोक जिल्ला अदालतबाट मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १३ (३) नं. बमोजिम सर्वस्व सहित जन्म कैद गर्ने गरी फैसला भएको देखियो। उक्त फैसला साधक जाँचकोलागि पेशहुँदा मुलुकी ऐन ज्यान सम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्व सहित जन्मकैदको सजाय हुने गरी भएको शुरु फैसला सदर गर्ने गरी उच्च अदालत पाटनबाट मिति २०७४।८।४ मा फैसला भएकोमा सो फैसलाउपर साधक जाँचका रोहमा पेश हुन आएको देखियो।

२३. उपर्युक्तानुसारको बहस एवं मिसिल संलग्न कागजातबाट उच्च अदालत पाटनको प्रस्तुत मुद्दामा उक्त मिति २०७४।८।४ को फैसला मिलेको छ, छैन? वा निज प्रतिवादीको हकमा साधक सदर हुने हो, होइन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

२४. निर्णयतर्फबाट विचार गर्दा, मिति २०६७।३।२८ गते बेलुकी ६ बजेको समयमा प्रतिवादी सूर्यबहादुर भन्ने रामकृष्ण न्यौपानेले बर्ष ४ की नाबालिका लक्ष्मी न्यौपानेलाई ललाई फकाई मकै बारी भित्र लगी अप्राकृतिक मैथुन गरेकोमा सोही कारणबाट नाबालिका रोगी भई टोलाउने, डराउने ,ज्वरो आउने हुँदाहुँदै मृत्यु भएको हुँदा निज प्रतिवादी उपर कारबाही गरी पाउँ भन्ने जाहेरीबाट प्रस्तुत मुद्दाको उठान भएको देखिन्छ। अनुसन्धान अधिकारी समक्षको बयानमा प्रतिवादी सूर्यबहादुर न्यौपानेले मैले अप्राकृतिक जवरजस्ती करणी गरेको कारण डर, त्रास , ज्वरो आउने भई सोही कारणबाट वा के कुन कारणबाट ४५।४६ दिनमा नाबालिकाको मृत्यु भएछ भनी बयान गरेकोमा अदालतसमक्ष बयान गर्दा मेरो बुबासँग जाहेरवालाको झगडा भएको हुनाले म उपर रिसइवीले झुट्टा उजुरी दिएको, अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान मेरो होइन भनी बयान गरेको देखिन्छ। मौकामा बुझिएका मानिसले गरेको कागज र अदालतसमक्ष आई गरेको बकपत्रमा प्रतिवादी सूर्यबहादुर भनिने रामकृष्ण न्यौपानेले बालिकालाई जबरजस्ती अप्राकृतिक करणी गरेको कारणले बालिकाको ४५।४६ दिन पछि मृत्यु भएको हो भनी बकपत्र गरेको देखियो।

२५. लक्ष्मी न्यौपानेको मृत्यु Pleural effusion, most probably parapneumonic effusion बाट भएको भन्ने पोष्टमोर्टम रिपोर्टबाट देखिन्छ। पोष्टमोर्टम गर्ने डाक्टरले अदालत समक्ष अप्राकृतिक जबरजस्ती करणीले मानसिक तनाव भई डिप्रेसन हुने गरी शरीरको रोग प्रतिरोधात्मक क्षमता घट्न जान्छ र यस्तो अवस्थामा रोगको संक्रमण हुन सक्ने सम्भावना बढी हुन जान्छ। यस्तो अवस्थामा निमोनिया लगायतका कुनै पनि रोगले आक्रमण गर्न सक्छ भनि पोष्टमोर्टम रिपोर्टलाई पुष्टी हुने गरी बकपत्र गरेको देखिन्छ।

२६. जरियाको सिद्धान्त (Doctrine of causation) अनुसार ज्यान मुद्दामा कसुरदारले गरेको कार्यबाट पीडित पक्षको तत्काल मृत्यु नभई लामो समयपछि मृत्यु भएमा घटना प्रारम्भ भएको वारदातसँग परिणामको सिधा सम्बन्ध भएको देखिनुपर्ने हुन्छ। प्रस्तुत मुद्दामा नाबालिकाको मृत्यु तत्कालै नभई घटना भएको ४५।४६ दिन पछि भएको देखिन्छ। शव परिक्षण गर्ने डाक्टरले अप्राकृतिक जबरजस्ती करणीले मानसिक तनाव भई डिप्रेसन हुने गरी शरीरको रोग प्रतिरोधात्मक क्षमता घट्न जान्छ र यस्तो अवस्थामा रोगको संक्रमण हुन सक्ने सम्भावना बढी हुन जान्छ। यस्तो अवस्थामा निमोनिया लगायतका कुनै पनि रोगले आक्रमण गर्न सक्छ भनी बकपत्र गरेको देखिन्छ। यस परिपेक्ष्यमा नाबालिकाको मृत्यु तत्काले नभएतापनि सोही कारणले बालिका बिरामी परी निको नहुँदैको अवस्थामा मृत्यु भएको देखिएकाले बालिकाको मृत्युले जबरजस्ती अप्राकृतिक मैथुन गरेको प्रतिवादीको कारणबाट भएको होइन भन्न मिल्ने अवस्था रहेन।

२७. यसै सम्बन्धमा *मृत्युको कारणमा त्यही वारदातमा कलेजोसम्म काटिएको सगतबाट रगतमा संक्रमण भएको तथ्य लास जाँच परीक्षण प्रतिवेदनबाट देखिँदा वारदात मितिबाट २१ दिनभित्र घाइते परलोक नभएकोले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ९ नं बाट ज्यान मुद्दा चल्न सक्दैन भन्ने प्रतिवादीको भनाई रहेको देखिन्छ। उक्त ऐनको ९ नं आकृष्ट हुन ज्यान मार्नलाई अङ्ग भाँच्ने छिन्नेबाहेकको अवस्था हुनुपर्ने हुन्छ। वारदातमा धारिलो हतियारले कलेजोसम्म काटिने गरी प्रहार भएको देखिँदा ज्यान मार्नलाई अङ्ग भाँच्ने छिन्ने अवस्था भएन भन्न मिलेन। तसर्थ मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको ९ नं बमोजिम २१ दिनभित्र वा बाहिर घाइते परलोक भएको भनी हेर्नुपर्ने स्थिति नरहने* ।(ने.का.प २०७०, असोज, नि.नं. ९०२७) नेपाल सरकार विरुद्ध नेत्रबहादुर मगरसमेत, भएको कर्तव्य ज्यान मुद्दामा प्रस्तुत सिद्धान्त प्रतिपादन भएको देखिन्छ। यस परिपेक्ष्यमा प्रस्तुत मुद्दामा नाबालिकाको मृत्यु घटना घटेको ४५ दिन पछि भएको देखिएतापनि जरियाको सिद्धान्त आकर्षित भई प्रतिवादीको कारणबाट नै बालिकाको मृत्यु भएको हो भन्न सक्ने अवस्था रहन्छ।

२८. मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १ नं.ले *कसैले पनि कुनै मानिसको ज्यान मार्न, मार्न लगाउन वा मार्नाको उद्योग गर्न हुँदैन* भन्ने व्यवस्था गरेको छ। त्यस्तै मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १३(३) नं ले यदि कसैले कसैको ज्यान मारेमा सर्वस्व सहित जन्म कैद गर्न सकिन्छ भन्ने कानुनी व्यवस्था रहेको छ। प्रतिवादी सूर्यबहादुर भन्ने रामकृष्ण न्यौपानेले नाबालिका लक्ष्मी न्यौपानेलाई जबरजस्ती अप्राकृतिक करणी गरेकाले सो घटना पश्चात बिरामी भई निज नावालिकाको मृत्यु भएको देखिएकोले निज प्रतिवादीले अभियोगमाग दाबी बमोजिमको कसुर अपराध नगरेको भन्न मिल्ने देखिएन।

२९. उल्लिखित कानुनी व्यवस्था र यस अदालतबाट प्रतिपादित सिद्धान्त समेतका रोहबाट हेर्दा प्रतिवादी सूर्य भन्ने रामकृष्ण न्यौपानलाई अभियोग मागदाबी बमोजिम कसुरदार ठहर गरि मुलुकी ऐन, ज्यानसम्वन्धी महलको १३(३) नं बमोजिम सर्वस्व सहित जन्म कैद सजाय गर्ने गरी सुरु सिन्धुपाल्चोक जिल्ला अदालतबाट भएको फैसलालाई सदर गरी उच्च अदालत पाटनबाट भएको फैसला साधकको रोहमा मिलेन भन्ने बेहोराको प्रतिवादीका तर्फबाट वैतनिक विद्वान अधिवक्ताद्वयको बहस जिकिरसँग सहमत हुन सकिएन।

३०. अतः माथि विवेचित आधार प्रमाणहरुबाट प्रतिवादी सूर्य भन्ने रामकृष्ण न्यौपानेलाई अभियोगमाग दाबी बमोजिम मुलुकी ऐन, ज्यान सम्वन्धी महलको १३(३) नं.बमोजिम सजाय हुने ठहऱ्याई सुरु सिन्धुपाल्चोक जिल्ला अदालतबाट मिति २०६९।३।२६ मा भएको फैसला सदर हुने ठहऱ्याई उच्च अदालत पाटनबाट मिति २०७४।८।४ मा भएको फैसला मिलेकै देखिएकाले साधकको रोहमा सदर हुने ठहर्छ। प्रस्तुत फैसलाको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत प्रतिवादीलाई दिई मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनू।

न्यायाधीश

उक्त रायमा सहमत छु।

न्यायाधीश

इजलास अधिकृतः श्रद्धा विष्ट

कम्प्युटर टाईप गर्नेः रमला पराजुली

इति सम्वत् २०७६ साल माघ २ गते रोज ५ शुभम् ..................................।